# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
# गाल्जे कालीकोट

## चौधौं नगर सभामा प्रस्तुत
## प्रगति प्रतिवेदन २०८०

**मिति २०८० साल माघ २१ गते**

# तिलागुफा नगरपालिका

गाल्जे, कालिकोट

**चौधौ नगर सभामा प्रस्तुत प्रतिवेदन २०८०**

**मिति २०८०।१०।२१ गते**

सभाध्यक्ष ज्यू ,
प्रमुख अतिथि ज्यू,
विशेष अतिथिज्यू,
नगरपालिकाका विषयगत समितिका संयोजकज्यूहरु
सम्पूर्ण नगर कार्यपालिकाका पदाधिकारीज्यूहरु ,
सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नगर पालिकाका शाखा प्रमुख तथा कर्मचारी मित्रहरु,
पत्रकार बन्धुहरु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस तिलागुफा नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१को अर्ध वार्षिक समिक्षाको लागि तेहौं नगर सभाबाट स्वीकृत आ.व. ०८०।०८१ को वार्षिक नीति, कार्यक्रम तथा वजेटमा भए गरेका क्रियाकलापहरुको अर्धवार्षिक समिक्षात्मक प्रगति विवरण सम्मानित गरिमामय चौधौं नगर सभाको प्रस्तुतीकरण कार्यक्रममा  पाल्नु भएका सवै पेशा, वर्ग सेवामा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम तिलागुफा नगरपालिका,कालिकोटको तर्फवाट हार्दिक स्वागत गर्दछु ।

**सभाध्यक्ष ज्यू ,**

अब म यस तिलागुफा नगरपालिकाको चालु आर्थिक वर्ष २०८०।०८१ मा नगर कार्यपालिकाको कार्यालयले  मिति २०८० साउन १ गते देखि हाल सम्म सम्पादन गरेका विभिन्न क्रियाकलापहरुको  एकीकृत प्रतिवेदन प्रस्तुत गर्ने अनुमत्ति चाहन्छु ।

**(१)  आर्थिक वर्ष २०८०।०८१ को बजेटका उद्देश्य तथा प्राथमिकताका क्षेत्रहरु निम्नानुसार छन ।**

**क उद्देश्यहरु**

(क) नगरबासीहरुको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्दै जाने ,
(ख) आर्थिक भौतिक, सामाजिक र वातावरणीय क्षेत्रमा दीगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ नगर बनाई राष्ट्रको विकासमा टेवा पुऱ्याउने ।
(ग)  उपलब्ध  श्रोत र साधनको उच्चतम प्रयोग गर्दै सन्तुलित र न्यायोचित वितरण गर्ने ।
(घ) विकास सहयात्रीहरु सँगको निरन्तर सहकार्य मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने ।
(ङ) रोजगारी श्रृजना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
(च) मौलिक हकको रुपमा रहेको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्ने,
(छ) प्रभावकारी सेवा मार्फत सुशासन र मितव्ययितामा आधारित नगरपालिका निर्माण गर्ने,
(ज) दिगो विकासका लक्ष्यहरु पूरा गर्ने,
(झ) एकीकृत कृषि तथा पशु विकासका कार्यक्रमहरु मार्फत नागरिकको आर्थिक सशक्तिकरणमा टेवा पुऱ्याउने
(ञ) विपद् जोखिम न्यूनीकरण सम्बन्धी आवश्यक पूर्वाधार तयार गर्ने,
(ट) रैथाने वालीहरुको संरक्षण प्रवर्द्धन र बजारीकरण गर्दै कृषि आत्मनिर्भर नगरपालिका घोषणाको अभियान साकार पार्ने ।

(ठ) खेलकूद जगतमा नगरपालिकाको सहभागिता सुनिश्चित गर्दै, प्रत्येक माध्यामिक विद्यालयमा एक जना खेलकूद प्रशिक्षकको व्यवस्थापन गरिने,

ख **आर्थिक वर्ष २०८०।०८१ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार छन ।**

(क) शिक्षा,यूवा तथा खेलकूद विकास
(ख) स्वास्थ्य सेवा प्रभावकारी कार्यान्वयन
(ग) खानेपानी तथा सरसफाई विकास
(घ) पशु तथा कृषि विकास
(ङ) वन, वातावरण, सरसफाई एवं हरियाली तथा विपद् व्यवस्थापन
(च) सहकारी, रोजगार प्रवर्द्धन र बजारीकरण
(छ) कृषिको उत्पादकत्व अभिवृद्धि
(ज) सूचना प्रविधि तथा डिजिटल सेवा
(झ) पर्यटन, तथा उद्योग र वाणिज्य
(ञ) लैंगिक समानता, महिला सशक्तिकरण र समाजिक समावेशीकरण
(ट) राजस्व व्यवस्थापन
(ठ) कर्मचारी प्रशासन, जनशक्ति विकास,
(ढ) सिप विकास तथा प्रविधि हस्तान्तरण
ड) ग्रामीण सडक, पुलपुलेसा, नविकरणीय उर्जा,रोजगार,जलवायु परिवर्तन र मागमा आधारित पूर्वाधार विकास

## ३. बजेटको सारांश

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८०।०८१ मा संघीय सरकार , प्रदेश सरकार, र नगरपालिकाको आन्तरिक श्रोतबाट तेहौं नगर सभाले प्रक्षेपण गरेको कूल बजेट रु ६३,११,५४,८२२ (त्रिसठी करोड एघार लाख चौवन्न हजार आठ सय बाइस रुपैया मात्र) को श्रोत अनुमानबाट को बजेट अख्तियारी प्राप्त भएकोले तेहौं नगर सभाले लक्षित गरेका क्षेत्रगत निति तथा कार्यक्रमहरुलाई हालको मिति सम्म करिब २९ प्रतिशत वित्तिय प्रगति र ५० प्रतिशत भौतिक प्रगति हाँसिल गरेका छौं । यसै सन्दर्भमा चालु आर्थिक वर्षको आषाढ मसान्त सम्म शत प्रतिशत प्रगति गर्ने उद्धेश्यहरु अबलम्बन गरी वित्तिय स्रोत नपुगेका योजना तथा कार्यक्रमहरुको लागि नगर सरकारले अन्तर सरकारी वित्तिय सहयोगका लागि विभिन्न निकायहरुसँग भगिनी सम्बन्धमा कायम गर्दै आर्थिक लाभ प्राप्त गरी लागु गर्ने ठोस निति लिई अवलम्बन गरिरहेको छ ।

## ४ नगरपालिकाका क्षेत्रगत प्रगति विवरण

# (क) सामाजिक विकास समिति

## १. शिक्षा युवा तथा खेलकुद

- नगरपालिका भित्रका विद्यालयहरुको नक्सांकन गर्न सरोकारवालाहरुसँग समन्वय गरी विद्यालय समायोजन र दरबन्दी मिलानको लागि नगर स्तरीय शैक्षिक सुधार मापदण्ड निर्माण गरी नगर शिक्षा नियमावली २०७५ लाई समेत संशोधन गरि पालिका स्तरीय अनुगमन समितिबाट प्रतिवेदन पेश भईसकेको छ ।
- खेलकुद क्षेत्रको विकासको लागी खेल प्रशिक्षकको व्यवस्था गरि नियमित खेलकुद कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

- उच्च शिक्षा अध्ययनका लागि यस नगरमा एउटा बहुमुखी क्यामपस स्थापना गर्ने लक्ष्य बमोजिम यस नगरपालिकाको वडा नं ६ जुविथा बालीचौरमा रहेको श्री सत्यदेवी बहुमुखी क्यामपस सम्बन्धनको लागि मध्यपश्चिम विश्वविद्यालयमा सिफारिस गर्ने निर्णय भई स्वीकृति लिने चरणमा रहेको ।
- शिक्षकहरुलाई विद्यालयमा शिक्षण सिकाईको क्षेत्रमा प्राविधिक सहयोग प्रदान गर्न शैक्षणिक स्रोत व्यक्तिको व्यवस्था मिलाईएको छ ।
- चालु आर्थिक वर्ष २०८०।०८१ देखि सम्पूर्ण सामुदायिक विद्यालयमा जाने अनुदान रकमलाई त्रैमासिक निकासा दिने व्यवस्था मिलाइएको छ ।
- आर्थिक वर्ष २०८०।०८१ लाई खेल वर्ष घोषणा गरिने अभियान बमोजिम ३ चरणमा नगर स्तरीय, जिल्ला स्तरीय र प्रदेश स्तरीय खेलकूद प्रतियोगिता आयोजना गरी सम्पन्न गरिएको छ ।
- तिलागुफा नगरपालिका वडा नं ३ स्थित श्री महादेव माध्यमिक विद्यालय फोइमहादेव, श्री सत्यदेवी माध्यमिक विद्यालय जुविथा र श्री शिवालय माध्यमिक विद्यालय चिल्खायालाई आवासीय विद्यालयको रुपमा स्थापनाका लागि नितिगत निर्णय गरि सम्बन्धित निकायमा अनुरोध गरिएको छ ।
- १३ औं नगर सभाले शिक्षा क्षेत्रमा लिएका निति तथा कार्यक्रमहरुलाई चालु आ.व. ०८०।०८१ कै स्रोत साधनले सम्बोधन हुने कार्यक्रमहरुलाई यथाशिघ्र कार्यन्वयन गरिने लक्ष्य लिएको छ ।

## २. स्वास्थ्य

- सबै स्वास्थ्य संस्थाहरुमा विद्युतिय सूचना तथा प्रविधि प्रणालीको विस्तार गरी व्यवस्थापन सुचना प्रणाली Online Reporting लागु गरिएको छ ।
- ५० प्रतिशत अनुदान रकम नगरपालिकाले सहयोग गर्ने गरी सबै घरधुरीलाई स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तर कार्यान्वयनमा रहेको छ ।
- नगर अस्पताललाई विशेषज्ञ चिकित्सक र प्रयोगशाला सहितको सुविधा प्रदान गर्न आवश्यक जनशक्ति र औषधी उपकरणको व्यवस्था मिलाईएको छ ।
- प्रत्येक वडामा रहेका आधारभुत स्वास्थ्य इकाईहरुलाई प्रसुती केन्द्रको सुविधा प्रदान गर्न आवश्यक प्रबन्ध मिलाइएको छ ।
- यस नगरपालिका भित्रका नागरिकहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन विशेषज्ञ चिकित्सक टोली सहित स्वास्थ्य शिविर संचालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- सुरक्षित मातृत्व तथा वाल पोषण कार्यक्रमलाई निरन्तरता दिदै अपांगता गर्भमै रोकथाम गर्नका लागि चौमासिक गर्भ जाँच र वडा स्तरमै गर्भवती महिलाहरुको निशुल्क भिडियो एक्सरे सेवा विस्तार गर्दै लग्ने निति अवलम्ब गरिएको छ ।
- प्रजन्न स्वास्थ्य,सुरक्षित मातृत्व र आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइएको छ । यसका लागि स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धि र जिम्मेवारी बोध गराउने व्यवस्था मिलाइएको छ भने अर्कोतिर स्वास्थ्य संस्थाहरुमा प्रसुति गराई मातृ शिशु सुरक्षाको प्रत्याभूति गराउन गर्भवती महिलाहरुलाई प्रोत्साहन स्वरुप पोषण भत्ताको व्यवस्था मिलाइएको छ ।
- आधारभूत आयुर्वेदिक स्वास्थ्य सेवा प्रणालीको प्रवर्द्धन मार्फत स्थानीय रुपमा पाइने औषधी गुण भएका जडीबुटीहरुको प्रशोधन गरी आयुर्वेदिक सेवालाई नागरिकको प्राथमिक स्वास्थय उपचार पद्धतिका रुपमा नगरस्थित नागरिक आरोग्य केन्द्र स्थापना गरि वडा नं ५ खल्लामा सञ्चालन गरिएको छ ।
- स्वास्थ्य सेवामा आम नागरिकको सहज पहूँचको लागि काठमाडौ महानगरपालिकाको सहयोगमा यस नगरपालिकालाई प्राप्त **ख** वर्गको एम्बुलेन्सबाट सेवा सुचारु थालनी गरिएको छ ।

### ३. खानेपानी तथा सरसफाई

- खानेपानीका मुहानहरु पहिचान गरी विकास साझेदारहरुको सहयोगमा तिलागुफा नगरपालिकाको जलउपयोग गुरु योजनामा उल्लेखित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।
- नगरपालिका भित्र स्वच्छ र सहजरुपमा खानेपानीको व्यवस्था मिलाईएको छ ।
- सम्भाव्यता अध्ययनका आधारमा तिलागुफा नगरपालिकामा बहुउपयोगी खानेपानी आयोजना संचालन गरिएको छ ।
- शुद्ध पानी शुद्ध जिन्दगानी भन्ने संकल्पका साथ नगर सरकार नागरिकको शुद्ध एवं स्वच्छ पानीको आवश्यकता र अधिकारलाई व्यवहारिकतामा रुपान्तरण गर्ने दिशामा नगरपालिका क्रियाशिल रहेको छ ।
- नगर पालिकाका स्थानीय बजार क्षेत्रहरुमा ढल निकासा तथा फोहोर व्यवस्थापनका लागि निश्चित मापदण्ड तयार गरी गाल्जे बजार, नाग्म बजार ,बालीघाट बजार र ठिन्के बजारको ढल निकास तथा फोहोर व्यवस्थापन कार्य योजना बनाई कार्यान्वयन गर्ने चरणमा रहेको छ ।

### ५. महिला, जेष्ठ नागरिक,एकल महिला, फरक क्षमता भएका व्यक्ति र बालबालिका

- बालबालिकाहरुको हक अधिकार संरक्षण र संवर्द्धन गर्न समस्याको रुपमा रहेको बालविवाह न्युनिकरण गर्न सरोकारवाला सबैसँग समन्वय गर्दै आवश्यक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइएको छ ।
- जातिय छुवाछुतलाई अन्त्य गर्न नगरपालिकाबाट जनचेतनाका कार्यक्रमहरु संचालन गरिएको छ ।
- बालमैत्रि स्थानीय शासन र महिला हिंसा मुक्त वडा घोषणा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

## २ आर्थिक विकास तर्फ

- रैथाने बालीहरुको प्रर्वद्धन गर्न किसानलाई **विउ पुँजि** प्रदान गरी बजारको सुनिश्चितता नगरपालिकाबाट गरिने व्यवस्था मिलाईएको छ ।
- कृषकलाई प्राकृतिक प्रकोप र खेतिवालीमा लाग्ने किरा र अन्य रोगबाट हुने क्षेतिको न्युनिकरण गर्न **कृषि विमा कार्यक्रम** संचालन गरिएको छ ।
- कृषि उत्पादकत्व वृद्धि गर्न **सिँचाई पूर्वाधार**मा जोड दिइएको छ ।
- नगरपालिका भित्र उत्पादन हुने रैथाने अर्गानिक बालिहरु जस्तै ओखर, सिमी मार्सी चामल, चिनु , कागुनु, जौ मकै आदीलाइ कृषकहरुबाट नगरपालिकाले खरिद गरि बजारीकरणको सुनिश्चितता प्रदान गर्न उत्पादित बस्तुहरुको प्रशोधनका लागि सम्बन्धित निकायमा पहल गरिएको छ ।
- व्यवसायिक बाखा पालन, भेडापालन,भैसी पालन र मौरीपालनबाट स्थानीयको आय आर्जन वृद्धि गरी गरीबी न्यूनीकरणमा टेवा पुऱ्याउन, उत्पादन,लागत साझेदारी र अन्य मापदण्डमा आधारित अनुदान र प्रोत्साहन जस्ता गतिविधि सञ्चालन गर्न पहल गरिएको छ ।

## ३ पूर्वाधार विकास

- नगरपालिकाले निर्माण गर्ने पुर्वाधारका योजनाहरु प्रत्येक वडामा टोल विकास संस्था गठन गरी सो संस्था माफर्त गठन हुने उपभोक्ता समिति र  समुदायमा आधाारित संस्थाहरुबाट संचालन गरिएको छ । तर प्राविधिक दृष्टिकोणले उपभोक्ता समुहले गर्न नसक्ने कामहरु ठेक्का प्रकृयाबाट संचालन गरिने निति लागु गरिएको ।

- वडा भेलाबाट प्राथमिकिकरण गरि आएका योजनालाई बढि प्राथमिकतामा राखी सिफरिस तथा बजेट विनियोजन गर्ने नीति अबलम्बन गरिएको छ ।
- नगरपालिकामा संघिय सरकार, प्रदेश सरकार र राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुद्धारा संचालन हुने विकास परियोजनाहरुमा **साझेदारी** गरिनुका साथै श्रोतको सुनिश्चितता भएका परियोजनाहरुको परामर्श तथा **विस्तृत परियोजना प्रतिवेदन (DPR)** तयार गरी विकास निर्माण लाई प्रभावकारी रुपमा लागु गरिएको छ ।
- नयाँ सडक बनाउने कार्यलाई निरुत्साहित गर्दै विद्यमान सडकहरुको गुणस्तरीय स्तरोन्नतीको कार्यलाई प्रोत्साहित गर्ने कार्य थालनी गरिएको छ ।
- चालु आर्थिक वर्षमा पूर्वाधार विकास तर्फ १३ औं नगर सभाले स्वीकृत गरेका सम्पूर्ण योजनाहरुको लागत तयार गरी सम्झौता बमोजिम ५० प्रतिशत कार्य सम्पन्न गरिएको छ ।

# ४. संस्थागत विकास तथा सेवा प्रबाह शुशासन

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई EFT मार्फत भत्ता वितरणको व्यवस्था मिलाईएको छ ।
- व्याक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा सम्बन्धी प्रत्येक वडामा सरोकारवालासँग अर्न्तकृया छलफललाई निरन्तरता दिइएको छ ।
- तिलागुफा नगरपालिकामा विद्यमान समस्याको रुपमा रहेको संचार सुविधालाई नागरिकको पहुँचमा पुऱ्याउनका लागि नेपाल टेलिकमसँग समन्वय गरिएको छ ।
- इन्टरनेट सेवा सुलभ सहज र सरलरुपमा प्रदान गर्न सेवा प्रदायक सँस्थाहरुको साझेदारीमा आवश्यक पुर्वाधार निर्माण गरी विद्यालय, स्वास्थ्य सँस्था र नगरपालिका मातहतका सबै कार्यालयमा फाइवर नेट जडानको कार्य विस्तार गरिएको छ ।
- फोरजी सेवा नगरभरी सञ्चालित हुने व्यवस्थाका लागि आवश्यक समन्वय गरिएको छ ।
- यस नगरपालिकाको संस्थागत क्षमता स्वमूल्यांकन तथा वित्तिय जोखिम न्यूनीकरण मूल्यांकन कार्य सम्पन्न गरिएको छ ।
- नगरपालिकाको आवधिक योजना निर्माणको कार्य थालनी गरिएको छ ।
- नगरपालिका भित्रका विषयगत शाखाका प्रमुखलाई जिम्मेवार बनाउन प्रमुख प्रशासकिय अधिकृतले कार्यसम्पादन सम्झौता गर्ने नीति लागु गरिएको छ ।
- नगर कार्यपालिकाको कार्यालयबाट आम नागरिकहरुलाई प्रवाह हुने सेवा सुविधाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न करिव ६६ वटा ऐन,नियम, योजना निर्माण गरिसकिएको र ७ ओटा कार्यविधि र ३ वटा योजनाहरु निर्माणको क्रममा रहेको छ ।
- न्यायिक समितिमा पेश हुने उजुरी गुनासो र सामान्य प्रकृतिका मुद्दाहरुको फछ्यौट सम्बन्धी मापदण्ड बनाई लागु गरिएको छ ।
- अन्तर स्थानीय तह समन्वय बैठक सञ्चालन सम्बन्धी श्री हिमागाँउपालिका जुम्ला र यस नगरपालिका विच १ पटक अन्तर सरकारी समन्वयात्मक बैठक सम्पन्न गरिएको छ ।
- दिगो विकासका लक्ष्य सहस्राहब्दी विकास लक्ष्यहरुको स्थानीकरण सम्बन्धी निति कार्यान्वयनमा रहेको छ ।

# ५ बन वातावरण तथा विपद व्यवस्थापन

१. विपद् प्रतिकार्य योजनामा उल्लेखित कार्यक्रमहरुलाई यथाशिघ्र आगामी आ.व. २०८१।०८२ देखि पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

२. जलवायु परिवर्तनबाट सृजित र सृजना हुन सक्ने नकरात्मक प्रभाव न्यूनीकरणका लागि आवश्यक कार्यहरु गर्दै यसकै विचबाट उत्थानशील समाजको निर्माण गर्न स्थानीय रुपमा अनूकूलनका गतिविधिहरु सञ्चालन गरिएको छ ।

३. वातावरण संरक्षण प्राकृतिक श्रोत साधनको संरक्षण र जैविक विविधताका सवालहरुलाई प्राथमिकता दिदै नगर पालिकाको स्वच्छता तथा सफा वातावरणमा नगरबासीको बाँच्न पाउने हकलाई संरक्षण गरिएको छ र स्थानीय प्राकृतिक सौन्दर्यता र पर्यावरणलाई लोपलाग्दो बनाउदै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइएको छ ।

- लक्षित वर्गलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको समन्वयमा सीपमुलक तालिम प्रदान गरी शसक्तिकरण गरिएको छ ।
- नगरपालिका भित्रका बेरोजगार युवाहरुलाई रोजगारी तर्फ उन्मुख गराउनका लागी विभिन्न किसिमका सिपमुलक तालिम दिइने र सीप परिक्षण गर्ने व्यवस्था मिलाइएको छ । सीप परिक्षणमा उत्तिर्ण भएकाहरुलाई नगरपालिका भित्र संचालन हुने विकास निर्माणका कामहरुमा रोजगारीको अवसर प्रदान गरिनेछ यो काम रोजगारी तथा सीप विकास परियोजना मार्फत विभिन्न कार्यक्रम संचालन गर्ने निति अवलम्बन गरिएको छ ।
- तिलागुफा नगरपालिकाको आन्तरिक राजस्व वृद्धि गर्नका लागि सार्वजनिक तथा सामुदायिक वनका उत्पादन,नदीजन्य उत्पादन (ढुंगा,गिटी,बालुबा तथा जलचर समेत ) कानूनले वर्जित गरेका बाहेक वन क्षेत्रका वन्यजन्तु एवं जडीबुटीको कारोवारलाई करको दायरामा ल्याइएको छ । साथै नगरभित्र सञ्चालित सम्पूर्ण व्यवसायिक फर्म, वित्तिय संस्थालाई करको दायरामा ल्याउनका लागि शिविर सञ्चालनका लागि योजना बनाईएको छ ।
- यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सामुदायिक वन समूहरुले लिदै आएको कूल राजस्बको प्रचलित कानून बमोजिम यस नगरपालिकालाई तिर्नुपर्ने १० प्रतिशत रकम जम्माका लागि विभिन्न बैठक आयोजना गरी कार्ययोजना स्वीकृत गराउन पहल गरिएको छ ।
- यस तिलागुफा नगरपालिकाको ११ वटै वडाहरुमा राजस्व एकीकृत गर्नका लागि सप्टवेयरको संचालनमा ल्याई राजस्व सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरिएको छ ।

**८ . वित्तिय प्रगति**

यस नगरपालिकाको चालु आ.व. २०८०।०८१ को लागि १३ औं नगर सभाबाट पारित निति तथा कार्यक्रमहरुको हाल सम्मको क्षेत्रगत वित्तिय प्रगति देहाय बमोजिम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

| क्स | क्षेत्र/उप क्षेत्र | वनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आ र्थक वकास | १,९१,९१,६००.०० | ४१,५२,२०३.०० | २१.६४ |
| १ | कृ ष | ५२,४८,६००.०० | ६,८५,९७२.०० | १३.०७ |
| २ | उद्योग | १३,००,०००.०० | २,६३,२१६.०० | २०.२५ |
| ३ | जलश्रोत तथा संचाई | ९३,४०,०००.०० | २३,२७,४१५.०० | २४.९२ |
| ४ | बन | २,६०,०००.०० | २,४९,६००.०० | ९६ |
| ५ | पशुपन्छी वकास | ३०,४३,०००.०० | ६,२६,०००.०० | २०.५७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | सामाजिक वकास | ३७,५३,९८,५६४. | ११,०३,८३,७३९४. | २९।२४ |
| १ | शक्षा | २०,२६,९८,५७६.०० | ६,८४,४६,१९९.०० | ३३.७७ |
| २ | स्वास्थ्य | ५,२१,००,९८८.०० | १,४७,४१,७४२.४० | २८.२९ |
| ३ | खानेपानी तथा सरसफाई | १,०८,००,०००.०० | ८,२६,८१२.०० | ७.६६ |
| ४ | भाषा तथा संस्कृति | २१,९१,०००.०० | १,६४,०००.०० | ७.४९ |
| ५ | लैंगक समानता तथा सामाजिक समावेशीकरण | १८,५०,०००.०० | ८९,५५०.०० | ४.८४ |
| ६ | युवा तथा खेलकुद | ४४,००,०००.०० | २३,७०,८३०.०० | ५३.८८ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १,००,००,०००.०० | ५,८६,५१४.०० | ५.८७ |
| ८ | सामाजिक सुरक्षा कार्यक्रम तर्फ | ९,१३,५८,००० | २,३१,५८,०९२ | २५.३५ |
| ३ | पूर्वाधार वकास | ८,४९,५९,५२७.०० | १,६४,१८,२८५.०० | १९.३२ |
| १ | यातयात पूर्वाधार | ७,३५,०९,५५९.०० | १,५४,७४,४७७.०० | २१.०५ |
| २ | भवन, आवास तथा सहरी वकास | ८६,५१,३७८.०० | ७,६३,३७८.०० | ८.८२ |
| ३ | उर्जा | १७,६८,१५१.०० | ०.०० | ० |
| ४ | सम्पदा पूर्वाधार | ८,५०,०००.०० | ०.०० | ० |
| ५ | पुनर्निर्माण | १,८०,४३९.०० | १,८०,४३०.०० | १०० |
| | | | | |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,२४,८१,०००.०० | ४,४३,१८५.०० | १.९७ |
| १ | वातावरण तथा जलवायु | १,७३,००,०००.०० | १,९५,४७३.०० | १.१२ |
| २ | वपद व्यवस्थापन | ४२,८१,०००.०० | ०.०० | ० |
| ३ | तथ्यांक प्रणाली | ९,००,०००.०० | २,४७,७१२.०० | २७.५२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,०७,७४,२५३.०० | ३,९०,०२,३७४.४३ | ३८.७ |
| | | | | |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,०७,७४,२५३.०० | ३,९०,०२,३७४.४३ | ३८.७ |
| कुल जम्मा | | ६०,२८,०४,९४४ | १७,०३,९९,७८६ | २८.२७ |

**अन्तमा**

आजको यस गरिमामय चौधौं नगर सभाको उद्घाटन कार्यक्रममा प्रस्तुत गरिएको यस नगरपालिकाको आ.व.०८०।०१ को प्रथम चौमासिक देखि हाल सम्मको एकीकृत प्रगति विवरण तयार गर्न कार्यमा सहयोग पुऱ्याउनु हुने नगर प्रमुख, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण शाखा प्रमुख ज्यूहरुलाई हार्दिक धन्यवाद दिदैं यस नगरपालिकाको समवृद्धिका लागि यहाँहरुको सदैव साथ सहयोग रहने छ भन्न पूर्ण विश्वास लिइएको छु ।

**महेन्द्र बहादुर शाही**
**नगर उपप्रमुख**
**तिलागुफा नगरपालिका कालीकोट**